आदरणीय सभाध्यक्ष ज्यू,
नगरसभा सदस्य ज्यूहरु,

विश्व नै कोरोनाको संक्रमणले थला परेको यस जटिल र संकटपूर्ण अवस्थामा कर्णाली प्रदेश, सुर्खेत जिल्लास्थित पञ्चपुरी नगरपालिकाको समग्र बिकास र समृद्धिसंगनिकट सम्बन्ध राख्ने यस पञ्चपुरी नगरपालिकाको सातौं नगरसभाको गरिमामय घडीमा यस सभाको बजेट तथा कार्यक्रममा उपस्थित हुनु हुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, विषयगत शाखाका प्रमुखहरु, राष्ट्रसेवक कर्मचारीहरु, सञ्चारकर्मी लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दछु । विकासको प्रचुर सम्भावना बोकेको प्राकृतिक सुन्दरताले भरिपूर्ण पर्यटकीय नगरीको रुपमा चिनाउन सकिने यस पञ्चपुरी नगरपालिकाको समग्र बिकासको लागि आगामी आ.व. ०७७/०७८ कोबजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्ष एवम् गर्व महशुस गरेको छु ।

यस शुभ अवसरमा आफ्नो अमूल्य जीवनलाई प्रवाह नगरी समग्र मुलुक र जनताको हीतमा आफ्नो जीवन आहुती गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सम्पूर्ण घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । यस नगरको परिकल्पना, विकास र उत्थानमा विगत र वर्तमानमा भूमिका खेल्नु भएका सम्पूर्ण क्षेत्रका महानुभावहरुको योगदानको उच्च कदर एवं प्रशंसा समेत गर्न चाहन्छु । श्रद्धेय अग्रजहरु, विद्वान वर्ग, राजनीतिक दल, न्याय प्रेमी जनसमुदायले गरेको सहयोग र योगदानको हार्दिक आभार प्रकट गर्दछु ।

यस पञ्चपुरी नगरपालिकाभूगोल, जनसंख्या, ऐतिहासिक, धार्मिक, प्राकृतिक र पर्यटकीय सम्पदाहरुले भरिपूर्ण र शहरीकरणको सम्भावना बोकेको नगरपालिका रहेको छ । यस बर्ष अझ विश्वब्यापी महामारी कोरोनाको संक्रमणले विश्व अर्थतन्त्र धरासायी भएको हुदाँ हामी पनि सो विपद् बाट अछुतो रहेन । कृषि,पशुपंक्षी पालन, जनस्वास्थ्य तथा रोजगारी सर्जना गर्दै स्थानीय सरकारको रुपमा नगरपालिकाले नगरबासीहरुको भावना, आवश्यकता महशुस गरी क्रियाशिल हुनुपर्ने आजको परिप्रेक्षमा पक्कै पनि हामी निर्वाचित जनप्रतिनिधि प्रति आशातित आम सरोकारका विषयहरुलाई सम्बोधन गर्ने र नगरपालिकाको समृद्धि र नगरवासीको हितको लागि सहमति र सहकार्यको अभ्यास गरिरहेका छौं ।

**"कृषि,पशुपालन,स्वास्थ्य तथा स्वरोजगार : सुदृढ जनस्वास्थ्य सहितको समृद्ध पञ्चपुरीको आधार"**भन्ने सोचलाई आत्मसाथ गर्दै नगरको सर्वाङ्गिण विकासमा हामी सबै एकजुट भएर लाग्नु जरुरी छ ।

लामो समय पछि निर्वाचित जनप्रतिनिधिको तीन(३) वर्षको कार्यकाल पार गरी चौथोवर्षमा प्रवेश गर्दै गर्दा विश्वब्यापि महामारीको रुप लिएको कोरोना संक्रमण ले अर्थतन्त्र मा ठूलो नोक्सानी/नकारात्मक प्रभाव परेतापनि उत्पादन र रोजगारी सिर्जनालाइ मध्येनजर गर्दै ठूलो भौगोलिक क्षेत्रफल, जनताको स्थानीय सरकार प्रतिको बढ्दो आकांक्षा, स्थानीय तहलाई प्राप्त अधिकार र जिम्मेवारीको तुलनामा उपलब्ध स्रोत र साधनको सीमितताका बाबजुत बस्ती तथा टोल भेला, वडा समिति, कार्यपालिका बैठकमा छलफल गरी सबै क्षेत्रवर्गमा

विनियोजन गर्ने प्रयास गरिएको छ । भौगोलिक हिसावले यो नगरपालिका सुर्खेत जिल्लाका नगरपालिकाहरु मध्ये सवैभन्दा ठूलो र स्थानीय तह मध्येको तेस्रो ठूलो स्थानीय तह रहेको र यसको अधिकांश क्षेत्र ग्रामिण रहेकोले सीमित साधन स्रोत र असिमित जनआकांक्षा तथा आवश्यकता वीच तालमेल कायम गरी विकासको प्रतिफल विभिन्न क्षेत्र र वर्गका जनता वीच न्यायोचित रुपमा पुऱ्याउने कोशिस गरिएको छ । यस क्रममा कृषि,पशुपक्षीं,जनस्वास्थ्य तथा रोजगारीका क्षेत्रमा पिछडिएका जाती, जनजाती, दलित, महिला, बालबालिका, आदिवासी, सुकुम्वासी आदिका क्षेत्रमा वजेट विनियोजन गरिएको छ ।

स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा प्रशासनिक तथा विकास निर्माणका कार्यहरु भएता पनि कोभिड-१९ का कारण धरासायी भएको विश्व अर्थतन्त्र संगै स्थानीय अर्थतन्त्रका महत्वपूर्ण आयामहरु कृषि,पशुपक्षीं,जनस्वास्थ्य तथा स्वरोजगार लगायतका क्षेत्रलाइ प्रथामिकतामा राख्नुपर्ने अवस्था छ । यसलाई थप सशक्त बनाउन सीमित जनशक्ति, स्रोत, साधनको उच्चतम सदुपयोग गर्दै जनतालाई सेवा प्रवाह, सुशासन र नगरमा शहरी पूर्वाधार विकासका कार्यक्रमहरु गर्नु पर्ने आवश्यकता छ । मदन भण्डारी राजमार्ग, चिसापानी(कैलाली)-वाबियाचौर-जंगलाघाट-अछाम जोड्ने सडक, कल्यानकाँध-भक्तडी-धनरास सडक, छिन्चु-लेखपराजुल-हरिहरपुर-तरंगा-तातापानी-कैलाली भेरी करिडोर सडक यसै नगरपालिको क्षेत्र भएर जाने भएको हुँदा नगरमा सडक पूर्वाधारकार्यान्वयन गर्न सहज हुने देखिन्छ ।धेरै संख्यामा ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरु यस नगरपालिका भित्र हुनु हाम्रो नगरको बिकास तथा समृद्धिको लागि थप अवसर समेत हो ।

**आदरणीय सभाध्यक्ष ज्यू,**
**नगरसभा सदस्यहरु,**
**नगरपालिकाको विद्यमान अवस्था यस प्रकार रहेको छ।**

**वीधमान अवस्थाः**

- नगरको समग्र विकासको लागि दिर्घकालिन तथा आवधिक योजनाको अभाव रहेको ।
- आन्तरकि राजश्व वृद्धिको लागि समग्र राजश्व सुधार कार्ययोजनाको अभाव रहेको ।
- थप नीतिगत र कानूनी व्यवस्था गर्नु पर्ने अवस्था रहेको ।
- पर्यटन,कृर्षी,पुर्वाधार लगायतको दिगो विकासका लागि सम्भाव्यता अध्ययनको अभाव रहेको ।
- २०७५ श्रावण १ देखि नगर क्षेत्रभित्र एकीकृत सम्पत्तिकर प्रणालीको कार्यान्वयन सुरुवात भएको ।
- नगरपालिकाको अधिकार क्षेत्र र जिम्मेवारीको आधारमा सिमित जनशक्तिबाट सेवा प्रवाह, विकास निर्माणका कार्यहरु सम्पादन गर्नुपर्ने अवस्था रहेको।
- नगरको अधिकांश बस्तीमा बस्ने व्यक्तिहरुको जग्गाको स्वामित्व नभएको र स्वामित्व भएकाहरुलाई पनि करको दायरामा ल्याउन कठीनाई रहेको ।
- नगरका सबै वडामा यातायातको सहज पहुँचको अवस्था नरहेको।

- नगरपालिकाको संस्थागत र भौतिक पूर्वाधार क्षेत्रमा काम भैरहेको तथा थप काम गर्नुपर्ने अवस्था रहेको ।
- आर्थिक दृष्टिले सक्रिय जनशक्तिलेउचित श्रम अभ्यास नपाएको ।
- कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर जोड्ने बड्डीचौर-वेनिघाट-दिपायल सडक कालो पत्रे हुन नसकेको ।
- स्थानीय स्तरमा साना लघु जलविद्युत उत्पादन भई थोरै जनता लाभान्वित रहेता पनि यस क्षेत्रमा राष्ट्रिय प्रसारण लाइन विद्युत लाईन विस्तार हालसम्म नभएको ।
- नगरपालिकाको प्रशासनिक भवन निर्माण भैनसकेको तथा वडा कार्यालयहरुमा वडा नं. १ र ६ का कार्यालयहरुमात्र भाडामा रहेको बाँकी ९ वटा वडा कार्यालयहरु आफ्नै प्रशासनिक भवनमा काम गरिरहेको ।
- उच्च शिक्षा तथा प्राविधिक शिक्षा हासिल गर्न अन्यत्र जानुपर्ने अवस्था रहेको ।
- नगर क्षेत्रभित्र रहेका दर्जनौं पर्यटकीय क्षेत्रहरु ओझेलमा परेका छन ।
- परम्परागत खेती प्रणालीलाई आधुनिक तरिकाले व्यवसायिक कृषि प्रणालीको विकास हुन नसकी निर्वाहमुखी रहेको ।
- २०७१ सालको बाढीबाट प्रभावित भई सबै विस्थापित घर परिवारहरुको उचित व्यवस्थापन हुने क्रममा नै रहेको।
- महिला, बालवालिका, दलित, आदिवासी जनजाती, अपाङ्ग आदि लक्षित समुदायहरुको जिवनस्तरमा अपेक्षित सुधार हुन नसकेको ।
- नगरको अधिकांश क्षेत्रमा भएको अब्यवस्थित बसोबास ब्यवस्थित गर्न चुनौती रहेको।
- कोभिड-१९ का कारण समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको ।
- राजश्व संकलन समेत कोभिड-१९ को नकारात्मक प्रभाव रहेको ।

**आदरणीय सभाध्यक्ष ज्यू,**
**नगरसभा सदस्य ज्यूहरु ,**
हामी सबै नगरबासीहरुले समुन्नत नगरपालिकाको परिकल्पनाका साथ आ-आफ्नो क्षमता अनुसार योगदान गर्न सकेमा यस्ता चुनौतीहरु समाधान भैहाल्छन ।
**अव म यस नगरका हाल सम्मका मुख्य उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छु ।**

## मुख्य उपलब्धि:

- कोभिड-१९ संक्रमणको यस्तो जटिल परिस्थितिमा पनि बिगत आ.ब. हरुमा न्युन रहेको आन्तरिक राजश्व संकलन गत आ.ब.०७६/७७ को लागि प्रक्षेपण गरिएको भन्दा झण्डै १० प्रतिशत बढि संकलन भएको ।करीव अनुमान गरिएजति संकलन भएको ।
- नगरपालिकाबाट समैचेखोला लघुजलबिद्युतको ठेक्का सम्झौता भइ निर्माण कार्य जारी रहेको ।
- आन्तरिक आम्दानीको श्रोतको रुपमा नदिजन्य पदार्थको ठेक्का भइ राजश्व संकलन भएको ।नगरपालिकाको आन्तरिक सडक सञ्जाल सुधार हुदै गएको ।
- फार्सेकाँडा हाँसेगाउँ लिफ्ट खानेपानी, ताउले खानेपानी, गल्फा राजीटोल खानेपानी, विद्यापुर राग खानेपानी, लाटिकाँडा खानेपानी, राजीधारा कुइने सोलार पम्पीङ्ग खानेपानी आयोजनाको ठेक्का सम्झौता भइ निर्माण कार्य जारी रहेका ।
- आमा सुरक्षा कार्यक्रमलाइ निरन्तरता दिइएको ।
- पञ्चपुरी २ पलैटै बजार सालकोटको सडक ७२० मिटर कालोपत्रे भएको ।
- भेरी कर्णाली दोभान तटबन्धन ठेक्का सम्झौता भइ कार्य भैरहेको ।
- मौरीपालन श्रोतकेन्द्र भवन पञ्चपुरी १ मा निर्माण भैसकेको रहेको ।
- प्राबिधिक जनता मा.वि.को शैक्षिक भवन ठेक्का सम्झौता भइ निर्माणाधिन रहेको ।
- बाबियाचौर बजार सडक कालोपत्रेको ठेक्का सम्झौता भइ  कार्यान्वयन चरणमा भैरहेको ।
- आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको ६ वटा भवन ठेक्का सम्झौता भइ निर्माण कार्य सुरु भएको ।
- नगरपालिकामा विभिन्न बिषयगत समितिहरु गठन भै क्रियाशिल रहेको ।
- प्रत्येक वडाहरुमा वडा शिक्षा समिति गठन भइ सक्रिय रहेका ।
- प्राथमिक स्वास्थ्य केन्द्र सालकोटमा विद्युत जडान कार्य सम्पन्न भएको तथा ओपिडी भवन र पोष्टमार्टम भवन निर्माण सम्पन्न भइ संस्थालाइ हस्तान्तरण भएको ।
- राजीधारा  खानेपानी, गोगनपानी खानेपानी, ताउले सोलार लिफ्ट खानेपानी,, चनाली खानेपानी, हाँसेगाउँ फार्सेकाडा खानेपानी, राग सुन्दरपुर सोलार खानेपानी, जवदेन भक्तडी सोलार परियोजना, ठेक्का सम्झौता भइ निर्माण कार्य भैरहेको तथा यसैबर्ष निर्माण सम्पन्न हुने चरणमा रहेका ।
- पञ्चपुरी मन्दिर, तथाभेरी कर्णाली दोभानमा धार्मिक पूर्वाधार निर्माण कार्यहरु भएको।

## कार्यालय व्यवस्थापन तथा संस्थागत

- यस आ.ब.मा सवारी साधन र मोटरसाइकल २ खरिद भएको ।
- केहि वडाहरुमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली अनलाइन सुरु भैसकेको तथा अन्य वडामा समेत बिस्तार हुने तयारीमा रहेको ।नेपाल सरकारको नीतिबमोजिम

लाभग्राहीहरुको बैंक खातामा नै सामाजिक सुरक्षा भत्ता रकम भुक्तानी हुनेगरी सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीबाट वितरण गर्न बैंकसंग सम्झौता समेत भैसकेको ।

- प्रदेश सरकारको बैंक खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम कार्यान्वयन भएको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्रि रोजगार कार्यक्रम कार्यान्वयन भैरहेका ।
- नगरपालिका तथा वडा कार्यालय व्यवस्थापन भएका ।
- सबै वडा कार्यालयहरुमा इन्टरनेट जडान भएको ।
- सफ्टवेयर तथा इन्टरनेट खरिद तथा जडान भएको ।
- वडा नं. २,३,४,८,९,१० को वडा कार्यालयको निर्माण कार्य सम्पन्न भएका तथा वडा नं.१,६ र ९ बाहेक सबै वडा कार्यालयहरुको सेवा प्रबाह आफ्नै कार्यालय भवनबाट प्रारम्भ भएको ।
- नगरपालिका कार्यालय भवन ठेक्का सम्झौता भइ निर्माण कार्य सञ्चालन भैरहेको ।प्रथम तला सम्पन्न भइ दोश्रो तलाको काम सुचारु रहेको ।

**कार्यक्रम तर्फः**

- एकिकृत सम्पत्ति कर प्रणाली लागु भएको । ब्यवस्थापन सूचना प्रणाली प्रयोगमा रहेको ।
- सामाजिक परिक्षण र सार्वजनिक सुनुवाईमा सामाजिक परिक्षण १ पटक सम्पन्न भै २ वटा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिने ।
- भु-उपयोग रणनीति तयार भइ सम्बन्धित प्रमाणहरु प्राप्त भएका । स्वामित्व ग्रहण गर्न बाँकी रहेको ।
- पर्यटन विकास योजना तयार भएको । योजनाबमोजिम काम गरिने ।
- अपाङ्ग परिचयपत्र बितरण घुम्ति शिविर सञ्चालन गरिएको ।
- सीपमुलक तालिमतर्फ सिलाइ-कटाई तथा ढाका बुनाइ तालिम सञ्चालन गरिएको । कम्प्युटर कक्षाहरु सञ्चालन गरिएको ।

**सभाध्यक्ष महोदय,**

नगरवासीहरुको आवश्यकता, प्राथमिकता र अधिकारलाई समुचित रुपमा विकास गर्न सकिएमा नगरपालिका नगरवासीहरु प्रति उत्तरदायी ठहर्छ भन्ने कुरालाई मनन् गर्दै **"कृषि,पशुपालन,स्वास्थ्य तथा स्वरोजगार : सुदृढ जनस्वास्थ्य सहितको समृद्ध पञ्चपुरीको आधार"**भन्ने परिकल्पनाको साथै म यस सभा समक्ष संक्षिप्त रुपमा आ.व. ०७७/०७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

यस चालु आ.व.को असार १० सम्मः

आय तर्फ

गत बर्षको जिम्मेवारी सरेको रकमबाट रु. १ करोड ९६ लाख ९४ हजार ३ सय ९२ रुपैया ५६ पैसा,आन्तरिक आय रु. ६१ लाख ४ हजार ९ सय ९५ रुपैया ८५ पैसा, नेपाल सरकारको वित्तिय समानिकरण अनुदान रु. ११ करोड ५७ लाख, सशर्त अनुदान रु. १९ करोड ५१ लाख २२ हजार, बिशेष अनुदान रु १ करोड ६० लाख,राजश्व बाडफाँड रु. ६ करोड २ लाख ४५हजार ८ सय ३९ रुपैया २५ पैसा, घर जग्गा रजिष्ट्रेसन दस्तुतर रु १२ लाख ६८ हजार ६ सय ३५ रुपैया २० पैसा, अन्य चालु अनुदान २ लाख ७९ हजार ९ सय ३० रुपैया,प्रदेश सरकारको वित्तिय समानिकरण अनुदान रु. १ करोड ३ लाख १९ हजार,सशर्त अनुदान रु २१ लाख २५ हजार रुपैया,विशेष अनुदान २१ लाख ६६ हजार ६ सय,राष्ट्रिय परिचयपत्र तथा पञ्चिकरण विभागको रु ९ लाख ९२ हजार १ सय २२ रुपैया,सामाजिक सुरक्षा तथा संरक्षण को रु ६ करोड २१ लाख २३ हजार ४ सय,गरिबसँग विश्वेश्वरको रु ७५ हजार,समाज कल्याण कार्यक्रम जेयष्ठ नागरिक कार्यक्रम समेतको रु १ लाख,स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमको रु. ९ लाख १० हजार ८ सय ३७ रुपैया,प्रकोष ब्यवस्थापन कोषको ५ लाख १८ हजार ७ सय १६ रुपैया,कोरोना संक्रमण नियन्त्रण र उपचार कोषको रु २ करोड ४८ लाख ७३ हजार ८ सय ८६ रुपैया,मर्मत सम्भार कोषको रु २ लाख ४८ हजार ५ सय ७७ रुपैया,जिल्ला समन्वय कोष को रु ७ लाख ५० हजार,सडक वोर्डको रु २३ लाख ४८ हजार ९ सय ९३,उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको रु ९२ लाख,गरी जम्मा रु. ५१ करोड १४ लाख ७३ हजार ४ सय९१ रुपैया ३० पैसा आम्दानी भएको छ ।

खर्च तर्फः

प्रशासनिक तथा चालु कार्यक्रमको रु ३ करोड २९ लाख ७९ हजार ५ सय ३८ रुपैया, गत बर्षको जिम्मेवारी सरेको तथा आन्तरिक आयको रु ७७ लाख १६ हजार ५ सय १० रुपैया, संघीय सरकार सशर्त अनुदान को कुल खर्च १५ करोड ७३ लाख ३९ हजार ५ सय २४ रुपैया, बिशेष अनुदान रु ३५ लाख ७५ हजार १३ रुपैया, अन्य अनुदान ३५ हजार ६ सय ३० रुपैया, प्रदेश सरकार बिशेष अनुदान ११ लाख ६० हजार ३ सय ७२ रुपैया, राष्ट्रिय परिचयपत्र तथा पञ्चिकरण विभागको रु ९ लाख ९२ हजार १ सय २२ रुपैया, सामाजिक सुरक्षा तथा संरक्षण को रु ६ करोड २१ लाख २३ हजार ४ सय, गरिबसँग विश्वेश्वरको रु ७५ हजार, समाज कल्याण कार्यक्रम जेष्ठ नागरिक कार्यक्रम समेतको रु १ लाख, स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमको रु. ९ लाख १० हजार ८ सय ३७ रुपैया, प्रकोष ब्यवस्थापन कोषको ५ लाख १८ हजार ७ सय १६ रुपैया, कोरोना संक्रमण नियन्त्रण र उपचार कोषको रु ८३ लाख १९ हजार ४ सय ४ रुपैया, मर्मत सम्भार कोषको रु २ लाख ४८ हजार ५ सय ७७

रुपैया, जिल्ला समन्वय कोष को रु ७ लाख ५० हजार, सडक बोर्डको रु १२ लाख ४८ हजार ९ सय १३ गरी जम्मा २७ करोड ८० लाख ९३ हजार ६ सय ३६ रुपैया मात्र खर्च भएको छ ।

सभाध्यक्ष महोदय,

आगामी बर्ष २०७७/०७८ को लागि संक्षिप्त बजेट यस प्रकार प्रस्तुत गरेको छु ।

आय तर्फः

अ.ल्या भई आउने रु. ५ करोड,आन्तरिक आयबाट रु. १ करोड रुपैया, नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान रु. ११ करोड ४० लाख, सशर्त अनुदान रु. २२ करोड २३ लाख, राजश्व बाँडफाँडबाट प्राप्त हुने रु. १० करोड १६ लाख५७ हजार १ सय २० रुपैया, बिशेष अनुदान ३ करोड २५ लाख,कर्णालीप्रदेश सरकारबाटसमानिकरण अनुदान १ करोड २ लाख ७२ हजार, शशर्त अनुदान ३ करोड १० लाख , राजश्व बाँडफाँडबाट प्राप्त हुने रु. ७ लाख ३९ हजार, समपुरक अनुदानबाट १ करोड ३५ लाख, सामाजिक सुरक्षा भत्ता रु. ८ करोड रुपैया, सडक बोर्डबाट रु २५ लाख , विपद व्यवस्थापन कोष अ.ल्या. ६ लाख ८१ हजार ३ सय ५८ रुपैया,कर्मचारी कल्याण कोषबाट अ.ल्या. ५ लाख ५५ हजार ४ सय ८८ रुपैया,मर्मत सम्भार कोषबाट अ.ल्या. १२ लाख रुपैया, महिला तथा बालबालिका कोषबाट अ.ल्या. रु २ लाख, प्रदेश तथा स्थानिय तह क्षमता विकास कार्यक्रमबाट ३ लाख ६६ हजार, स्थानीय विकास कोष अ.ल्या. ५ लाख ६ हजार १ सय ६७ रुपैया,कोरोना कोषबाट अल्या २ करोड,गरी जम्मा रु ६९ करोड १९ लाख ७७ हजार १ सय ३३ रुपैया को बजेट अनुमान गरेको छु ।

व्यय तर्फः

कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ रु. १० करोड २३ लाख ३९ हजार,आ.ब. ०७६/०७७ को कोरोना कोषमा जम्मा भएका योजनाहरुको लागि रु २ करोड ५० लाख ८८ हजार, आ.ब. २०७६/०७७ मा सम्झौता हुन बाँकि योजनाको लागि रु ७० लाख,क्रमागत हुन सक्ने योजनाहरुको भुक्तानी बाँकिको लागिरु. २ करोड , समपुरक कोषको लागि रु. २ करोड ३५ लाख,ठुला आयोजनाहरुको दायीत्व सर्न सक्ने योजनाहरुको भुक्तानीको लागि रु. ३ करोड ५० लाख, नेपाल सरकारको सशर्त अनुदान तर्फ रु २२ करोड २३ लाख, नेपाल सरकार विशेष अनुदानको लागि रु ३ करोड २५ लाख, प्रदेश सरकार सशर्त अनुदानको लागि रु ३ करोड १० लाख, ,सडक बोर्ड तर्फ रु. ४० लाख,विपद व्यवस्थापन कोषको लागि रु६ लाख ८१ हजार ३ सय ५८ रुपैया, कर्मचारी कल्याण कोषको लागि ५ लाख ५५ हजार ४ सय ८८ रुपैया, मर्मत सम्भार कोषको लागि१२ लाख रुपैया,महिला तथा बालबालिका कोष रु. २ लाख, प्रदेश तथा स्थानीय क्षमता बिकास कार्यक्रममा रु. ३ लाख ६६ हजार, स्थानीय विकास कोषको लागि ५ लाख ६ हजार १ सय ६७ रुपैया,सामाजिक सुरक्षा वितरणका लागि ८

करोड रुपैया, कृषि तथा पशु अन्तरगतको सशर्त कार्यकर्मको लागत सहभागिताको लागि ६० लाख र बाँकी सम्पुर्ण नगरस्तरीय, वडास्तरिय र बिषयगत शाखाको योजना तथा कार्यक्रम संचालनको लागि रु. ९ करोड ९७ लाख ४१ हजार १ सय २० रुपैया गरी जम्मा रु ६९ करोड १९ लाख ७७ हजार १ सय ३३ रुपैया को खर्च अनुमान पेश गरेको छु ।

अन्तमा सातौ नगरसभाको शुभारम्भ कार्यक्रमलाई भव्य र सभ्य रुपमा सम्पन्न गर्ने तथा नगरपालिकाको विकास निर्माणको कार्यमा सहयोग पुऱ्याउने नगर प्रमुखज्यू, कार्यपालिका सदस्यज्यूहरु, नगर सभा सदस्यज्यूहरुबाट गहन मार्ग दर्शन एवम् रचनात्मक सुझाव प्राप्त हुनेछन् । उक्त मार्ग दर्शन एवम् सुझावहरुलाई मनन गरी नगरको समग्र विकासलाई यथोचित ढंगले सम्बोधन हुने गरी बजेट, नीति तथा कार्यक्रम पारित गर्नमा सहयोग प्राप्त हुने विश्वास लिएको छु । साथै नगरको समग्र विकास अभियानमा संवेदनशिल भै सहयोग गर्नु हुने राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारी, संघ संस्था, उद्योग वाणिज्य संघ, समाजसेवी, बुद्धिजिवी, शिक्षक, नागरिक समाज, सञ्चारकर्मी लगायत समग्र नगरबासी दाजु भाई दिदी बहिनीहरुमा हार्दिक कृतज्ञता एवं धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद।

मुक्ति देवी रेग्मी (पुरी)

(उप प्रमुख)

मितिः-२०७७/०३/१०गते बुधबार